मिति २०८०।०४।२५

श्रीमान् महानिर्देशक ज्यू
नेपाल नागरिक उड्डयन प्राधिकरण
सिनामंगल काठमाडौ ।

**विषयः जानकारी गराइदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा त्यस कार्यालयको मिति २०८०।०४।२१ गतेको पत्र चलान संख्या ८०।८१। च नं १७ अनुसार यस सिम्रिक एयर लिमिटेडले २०८० असार मसान्त सम्मको तिर्न बुझाउन पर्ने बाकी बक्यौता रकम पत्रको मितिले ७ दिन भित्र भुक्तानी गरी हरहिसाव राफसाफ गर्नू भनि गरेको पत्रचार अनुसार हरहिसाव मिलान गर्न आवश्यक खातावहि तहाबाट माग गर्दा मिति २०८० श्रावण २४ गते मात्र तहाबाट प्राप्त भई हिसाव रुजु गर्ने कार्य भइरहदा एकाएक तहाको संस्थाले दिएको ७ दिनको म्याद समाप्त नहुदै विनाकारण एकतर्फि ढगंले प्रतिशोध साध्ने ढगंले पूर्वाग्रहि भएर अत्यावश्यक हवाई जस्तो सेवा प्रदायक कम्पनीको सेवा विना सुचना विना कारण हवाई यातायात विभागका कर्मचारीले काठमाडौ बाट गोर्खा जिल्लाको स्यालामा को लागि उडान भर्नको लागि अनुमति लिने सिलसिलामा माथि महानिर्देशकको मौखिक निर्देशन भन्दै आफ्नो तजविजि अधिकारको प्रयोग गर्दै उडान अनुमति नभएको भनि उडान भर्न तयार भएको जहाज लाई एकाएक पुर्वागही ढंगले रोक लगाएका र यस्तो हवाइ सेवा जस्तो संवेदनशिल सेवा प्रदायक संस्थाको मानमर्दन गर्ने नियोजित षडयन्त्र पूर्ण परिपन्च गरि विभिन्न डिजिटल मिडिया लाई प्रयोग गरि झुटो अभियोग लगाई अफवाह फैलाउने उदेश्यका साथ यस्तो संवेदनशिल  संस्थाको गरिमामा आच आउने गरि वदनियतपूर्ण उदेश्यले नकारात्मक समाचारहरु संम्प्रषण गर्न र गर्न लगाउन तपाइ र तपाइको संस्थालाई नेपालको संविधान र नेपाल उडडयन प्राधिकरण ऐन २०५३ को कुन दफा उपदफाले यस्तो अधिकार प्रत्यायोजन गरिएको हो र सो तपाइको त्रुटिपूर्ण निर्णयको कारण हुन गएको क्षतिको क्षतिपुर्ति तपाइको संस्था संग किन भराउन नपर्ने हा सोको  को जानकारी अविलम्ब ७ दिन भित्र कानुनी प्रकिया पुरा गरि गराइदिनु होला । साथै तपाइ र तपाइको संस्थालाई पदको नियोजित दुरुपयोग गरेको आधारमा संवन्धित निकायमा किन उजुरी दिन नपर्ने हो सोको जानकारी गराईदिनहुन अनुरोध गर्दछु ।

निवेदक

सिम्रक एयर लिमिटेड

**बोधार्थ**

सम्मानिनय प्रधानमन्त्री ज्यू

प्रधानमन्त्री ज्यूको सचिवालय सिहदरवार

श्री माननिय मन्त्री ज्यू
श्री पर्यटन तथा  नागरिक उड्डयन मन्त्रालय सिहदरवार

श्री

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टगांल काठमाडौ